# दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### दमक, झापा, कोशी प्रदेश, नेपाल

**सुरक्षित आप्रवासन (SAMI) कार्यक्रमका लागि आवश्यक जनशक्तिहरु करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/०५/२१)

दमक नगरपालिकामा सुरक्षित आप्रवासन (SAMI) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगार सम्बन्धी सचेतिकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिहरु आवश्यक परेको हुँदा योग्य अनुभवी नेपाली नागरिकहरुवाट तल उल्लेखित पदका लागि १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयको प्रशासन शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| | |
|---|---|
| माग गरिएको पदः | क) मनोसामाजिक परामर्शकर्ता - १ जना<br>ख) आप्रवासी स्रोत सूचना तथा परामर्शकर्ता (महिला) — १ जना |
| कार्यअवधिः | हाललाई २०८२ असाढ मसान्तसम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्ने छ । |
| दरखास्त दिने अन्तिम मितिः | २०८२/०६/०५ गते कार्यालय समयभित्र । सो दिन सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्ट आवेदन बुझाउन सकिने छ । |
| उमेरको हदः | महिलाः २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।<br>पुरुषः २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । |
| आवेदन दस्तुरः | रु. १००० (एक हजार मात्र) । |
| तलब तथा सुविधा | कार्यक्रमको नियम अनुसार |
| परीक्षाको किसिमः | लिखित, प्रयोगात्मक र अन्तर्वार्ता |

लिखित तथा प्रयोगात्मक परीक्षाको पाठ्यक्रम, अन्तर्वार्ता परीक्षाको अङ्क विभाजन तथा परीक्षा सञ्चालन प्रक्रिया सम्बन्धी सम्पूर्ण विवरणहरु यस नगरपालिकाको वेबसाइट www.damakmun.gov.np, फेसबुक पेज www.facebook.com/mundamak मा राखिएको छ । साथै माथि उल्लेखित विवरणहरु एवम् यस विज्ञापनसँग सम्बन्धित अन्य कुनैपनि जानकारीका लागि दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दमक, झापाको सामाजिक विकास शाखा (कोठा नं. १६) वा सामाजिक विकास अधिकृत समक्ष फोन नं. ९८४१५०५९६५ मा सिधै फोनमार्फत सम्पर्क समेत राख्न सक्नुहुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दमक, झापा

# दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दमक, झापा, कोशी प्रदेश, नेपाल

**सुरक्षित आप्रवासन (SAMI) कार्यक्रमका लागि आवश्यक जनशक्तिहरु करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/०५/२१)

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नेपाल सरकार र स्विस सरकारबीचको द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा सञ्चालित छ ।

सामी कार्यक्रमलाई स्वीस सरकार विकास सहयोगको तर्फवाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलव्ध गरिरहेको छ । यस सामी कार्यक्रम अनतर्गत दमक नगरपालिकामा वैदेशिक रोजगार सम्बन्धी सचेतिकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिहरु आवश्यक परेको हुँदा योग्य अनुभवी नेपाली नागरिकहरुवाट तल उल्लेखित पदका लागि १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयको प्रशासन शाखामा निवेदन पेश गर्न सम्बन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | पद संख्या | न्युनतम योग्यता तथा अनुभव |
|---|---|---|---|---|
| १. | सामी ०१/२०८१/०८२ | मनोसामाजिक परामर्शकर्ता | १(महिलालाई प्राथमिकता) | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पव्लिक हेल्थ, नर्सिङ, मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्कमा स्नातक तह वा स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्टग्राजुएट डिप्लोमा ईन काउन्सेलिङ उत्तिर्ण गरेको ।<br>- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र बाट प्रमाण पत्र भएको र सोहि क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईने छ । |
| २. | सामी ०२/२०८१/०८२ | आप्रवासी स्रोत सूचना तथा परामर्शकर्ता | १ (महिला) | - मान्यता प्राप्त शैक्षिक संस्थावाट न्युनतम प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको । |

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | | - सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानुन विषयको शैक्षीक योग्यता भएकालाई प्रथमिकता दिईने छ । |

१. कार्य अवधिः हाललाई २०८२ अषाढ मसान्तसम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्ने छ ।

२. दरखास्त दिने अन्तिम मितिः २०८२/०६/०५ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

३. उमेरको हदः महिलाको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र पुरुषको हकमा २१ वर्ष पुरा गरि ३५ वर्ष ननाघेको हुनु पर्ने ।

४. आवेदन दस्तुरः रु. १०००(एक हजार मात्र ) ।

५. तलव तथा सुविधाः कार्यक्रमको नियम अनुसार ।

६. परिक्षाको किसिमः लिखित, प्रयोगात्मक र अन्तर्वार्ता

लिखित परीक्षाको पाठ्यक्रम

| मनोसामाजिक परामर्शकर्ता | | आप्रवासी स्रोत सूचना तथा परामर्शकर्ता | |
|---|---|---|---|
| क.सं. | विषयवस्तु | क.सं. | विषयवस्तु |
| क) | वैदेशिक रोजगारका चुनौती, सवाल र समाधानका उपायहरु<br>नेपालमा रोजगारको अवस्था, चुनौती र सम्भावनाहरु | क) | वैदेशिक रोजगारका चुनौती, सवाल र समाधानका उपायहरु<br>नेपालमा रोजगारको अवस्था, चुनौती र सम्भावनाहरु |
| ख) | आप्रवासनको र मनोसामाजिक अवस्था | ख) | वैदेशिक रोजगार र स्थानीय सरकारको भूमिका<br>स्थानीय सरकार, जिल्लास्थित सरकारी निकायहरु र परामर्शकर्तालले गर्ने कामहरु<br>सुरक्षित वैदेशिक रोजगारीका अत्यावश्यक प्रक्रियाहरु |
| ग) | मनोसामाजिक परामर्शको अवधारणा, प्रक्रिया, परामर्शको विधि तथा तरिकाहरु, मनोपरामर्शकर्तामा हुनुपर्ने गुणहरु, भूमिका र जिम्मेवारी | ग) | वैदेशिक रोजगार र स्थानीय सरकारको भूमिका, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, र वैदेशिक रोजगार सम्बन्धी कार्य गर्ने निकायहरु |
| घ) | सामुहिक मनोपरामर्श सेवाको अवधारणा, प्रक्रिया तथा समूहमा मनोपरामर्श सेवा | घ) | नेपालको संघीय सरकारको सुरक्षित वैदेशिक रोजगारीका प्रयासहरु |

गणेशराज कार्की
प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | प्रदान गर्दा ध्यान दिनुपर्ने कुराहरु र समूह सञ्चालन गर्ने व्यक्तिमा हुनुपर्ने सीपहरु | | आप्रवासी कामदार सम्बन्धी कानूनी व्यवस्था (जस्तैः उद्दार, शव झिकाउने तथा क्षतिपूर्ति, मेडिकल फेल, ठगी आदि) आवश्यक सहयोगको लागि गर्नुपर्ने आवश्यक प्रक्रियाहरु |
| ङ) | मनोसामाजिक समस्याहरु तथा समस्या समाधानको उपायहरु<br>(तनाव वा दबाब सामना गर्ने तरिकाहरु, लाञ्छनाको अवधारणा र यसमा सहयोग गर्ने मनोपरामर्शको तरिकाहरु, मानसिक रोगप्रति धारणा तथा मानसिक रोगीलाई सहयोग गर्ने तरिकाहरु, मनोसामाजिक परामर्श सेवा दिँदा विश्लेषण गर्ने पक्षहरु, आत्महत्या र रोकथाम गर्ने तरिकाहरु, आप्रवासी कामदारका श्रीमती र बालबालिकाहरुले भोग्नुपरेका मुख्य चुनौतीहरु) | ङ) | लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा गरिबी न्यूनिकरण |
| च) | सेवाग्राहीको अभिलेख राख्ने तरिकाहरु<br>कार्ययोजना निर्माण | च) | सेवाग्राहीहरुको अभिलेख राख्ने तरिकाहरु<br>परामर्शकर्तामा हुनुपर्ने ज्ञान, सीप र क्षमता बारेको जानकारी |
| छ) | नेपालको संविधान तथा स्थानीय तहको अधिकारक्षेत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यपालिका तथा वडा समितिको काम, कर्तव्य अधिकार सम्बन्धी ज्ञान र दमक नगरपालिका सम्बन्धी सामान्य जानकारी एवम् श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी सामान्य जानकारी | छ) | नेपालको संविधान तथा स्थानीय तहको अधिकारक्षेत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यपालिका तथा वडा समितिको काम, कर्तव्य अधिकार सम्बन्धी ज्ञान र दमक नगरपालिका सम्बन्धी सामान्य जानकारी एवम् श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी सामान्य जानकारी |
| ज) | नेपालको भू-राजनीतिक, इतिहास सम्बन्धी सामान्य जानकारी | ज) | नेपालको भू-राजनीतिक, इतिहास सम्बन्धी सामान्य जानकारी |

प्रयोगात्मक परीक्षा (दुवै पदका लागि)

पाठ्यक्रम

| क्र.सं. | विषयवस्तु | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| क) | कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, powerpoint, नेपाली र English Typing | २० | ८ |

अन्तर्वार्ता परीक्षा -

पूर्णाङ्क ३०

| विवरण | प्राप्ताङ्क |
|---|---|
| क) मनोसामाजिक परामर्शकर्ता | |
| - बमक नगरपालिकाको स्थायी बासिन्दा | ५ |
| - महिला | ५ |
| - मनोसामाजिक परामर्शका क्षेत्रमा कार्य गरेको अनुभव (प्रति वर्ष १ का दरले अधिकतम ३) | ३ |
| - अन्तर्वार्ता परीक्षा | बाँकी अङ्कको |
| ख) आप्रवासी स्रोत सूचना तथा परामर्शकर्ता | |
| - बमक नगरपालिकाको स्थायी बासिन्दा | ५ |
| - सुरक्षित वैदेशिक रोजगारीका क्षेत्रमा कार्य गरेको अनुभव (प्रति वर्ष १ का दरले अधिकतम ३) | ३ |
| - न्यूनतम वा सो भन्दा माथिल्लो तहको योग्यता कानून विषयमा भएमा | ३ अङ्क |
| - अन्तर्वार्ता परीक्षा | बाँकी अङ्कको |

<u>परीक्षा सञ्चालन प्रक्रियाः</u>

१) लिखित परीक्षा तर्फ प्रत्येक प्रश्नको २ अङ्कभार हुने गरी ५० वटा बहुवैकल्पिक प्रश्नहरु रहने । जसको पूर्णाङ्क १०० हुने । न्यूनतम उत्तीर्णाङ्क ४० हुने ।

२) लिखित परीक्षा उत्तीर्ण भएकाहरुलाई मात्र प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षामा समावेश गराइने । प्रयोगात्मक परीक्षाको पूर्णाङ्क २० हुने र उत्तीर्णाङ्क ८ हुने । प्रयोगात्मक परीक्षामा सफल हुनैपर्ने ।

३) प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षा सम्पन्न भएपछि एकमुष्ट नतीजा प्रकाशन गरिने ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत